न्याय परिषद सचिवालयको सूचना

(मितिः २०८३।०८।०१)

विषयः बुलेटिनमा प्रकाशित विवरण सच्याउने सम्बन्धमा।

यस न्याय परिषद सचिवालयले प्रत्येक वर्ष पौष ३ गते न्याय परिषद दिवसको अवसरमा न्याय परिषद, न्याय सेवा आयोग र यस सचिवालयबाट सम्पादित कामकारबाही तथा गतिविधि समेटी **न्याय परिषद बुलेटिन** प्रकाशन गर्दै आएको छ। उक्त बुलेटिनमा सर्वोच्च, उच्च र जिल्ला अदालतका न्यायाधीशहरू तथा न्याय सेवाका राजपत्राङ्कित कर्मचारीहरुको विवरण पनि समावेश गरिँदै आएको छ।

अघिल्लो वर्ष २०८२ सालमा प्रकाशित बुलेटिनमा उल्लिखित विवरणहरूमा केही थप गर्नुपर्ने वा सच्याउनुपर्ने भएमा मिति २०८३।०८।०७ गतेभित्र आवश्यक प्रमाणसहित यस न्याय परिषद सचिवालयमा उपस्थित भई वा इमेल info@jcs.gov.np मार्फत लिखित रूपमा जानकारी गराइदिनुहुन सम्बन्धित सबै न्यायाधीश तथा कर्मचारीलाई सादर अनुरोध गरिन्छ।

२०८३/०८/०१
(प्र.स.)